annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ५५ पृष्ठ १० | काठमाडौं, सोमबार १० असार २०८१ | आषाढ कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४४ | MONDAY, JUNE 24, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बहालवाला मुख्यसचिव विरुद्ध पहिलो पटक मुद्दा

## अन्त:शुल्क स्टिकर छपाइ ३८ करोडको अनियमितता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव डा.बैकुण्ठ अर्यालविरुद्ध मुद्दा दर्ता गरेको छ। सुरक्षण मुद्रण केन्द्रले अन्त:शुल्क स्टिकर छपाइमा ३८ करोड ६७ लाख १७ हजार ६ सय ४० रुपैयाँ अनियमितता गरेको भन्दै अख्तियारले तत्कालीन सञ्चारसचिव अर्यालसहित ११ जनालाई विशेष अदालतमा आइतबार मुद्दा दायर गरेको छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं

– को रिपोर्ट



नाम : डा. बैकुण्ठ अर्याल
पद : मुख्य सचिव (तत्कालीन सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
बिगो : रु. ३८,६७,१७,६४०
असुलउपर : रु. ६,८४,४५,६००
कैद सजाय : १३ वर्षसम्म साथै थप २ वर्ष पनि



नाम : रितेशकुमार शाक्य
पद : सहसचिव (तत्कालीन महानिर्देशक आन्तरिक राजस्व विभाग)
बिगो : रु. ३८,६७,१७,६४०
असुलउपर : रु. ६,८४,४५,६००
कैद सजाय : १० वर्षसम्म



नाम : विकल पौडेल
पद : तत्कालीन कार्यकारी निर्देशक, सुरक्षण मुद्रण केन्द्र
बिगो : रु. ३८,६७,१७,६४०
असुलउपर : रु. ६,८४,४५,६००
कैद सजाय : १३ वर्षसम्म

आन्तरिक राजश्व विभागले बिभिन्न फर्मसँग अन्त:शुल्क स्टिकर खरिद गरी प्रतिष्ठान/उद्योगलाई बिक्री गर्दा हुने Cost Benefit Analysis Chart :-

| क्र. सं. | इन्डोनेशियाली कम्पनी Perusahaan Umum Republik (Perum PERURU) | मद्रास सेक्युरिटी प्रिन्टर्स प्रालि | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | सुरक्षण मुद्रण केन्द्र |
|---|---|---|---|---|
| प्रतिएकाइ दर (ने.रु.) | ०.१५ | ०.१४ | ०.३४ | ०.७९ (भ्याट बाहेक) |
| अनुमानित संख्या | १,००,००,००,००० | १,००,००,००,००० | १,००,००,००,००० | १,००,००,००,००० |
| स्टिकरको लागत | १५,००,००,०००/- | १४,००,००,०००/- | ३४,००,००,०००/- | ७९,००,००,०००/- |
| स्टिकरको मात्र बिक्री | २५,००,००,०००/- | २५,००,००,०००/- | २५,००,००,०००/- | २५,००,००,०००/- |
| फरक | २५,००,००,०००-१५,००,००,०००= रु.१०,००,००,००० (फाइदा) | २५,००,००,०००-१४,००,००,०००= रु.११,००,००,००० (फाइदा) | २५,००,००,०००-३४,००,००,०००= -११,००,००,००० (घाटा) | २५,००,००,०००-७९,००,००,०००= -५४,००,००,००० (घाटा) |

**नोट:-** अन्तःशुल्क टिकटको विक्री मूल्य (प्रतिटिकट रु.०.२५ पैसा) यथावत् रहेको अवस्थामा सुरक्षण मुद्रण केन्द्रले Print Cell Pvt. Ltd. संग प्रतिटिकट रु. ०.७९ (मू.अ.कर बाहेक) सम्झौता गरेको रकममा आन्तरिक राजश्व विभागले आपूर्ति गरी प्रतिष्ठान/उद्योग लाई बिक्री गर्दा अन्त:शुल्क स्टिकरको संख्या अनुमानित १ अर्ब मात्र मान्दा सरकारको संचित कोषमा ५४ करोड नोक्सानी हुने देखिन्छ।(आन्तरिक राजश्व विभागले हालको परिवेशमा १ वर्षमा २.५ अर्ब अन्त:शुल्क स्टिकर खपत गरेको तथ्याङ्कले देखाउँछ)

*स्रोत : अख्तियारको आरोपपत्र*

## पढेलेखेकालाई कृषि उद्यममा जोड्ने लक्ष्य



**छविलाल पौडेल**

इजलास

अर्घाखाँचीको शीतगंगा नगरपालिका क्षेत्रफलका हिसाबले नेपालकै सबैभन्दा ठूलो नगरपालिका हो। लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लाको दक्षिणी भूभागमा अवस्थित यो नगरपालिका ६१०.४३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ८६ करोड ८६ लाख ९० हजार रुपैयाँको नीति तथा कार्यक्रम र बजेट ल्याएका छौं। नगरभित्रका ८४ वर्ष उमेर पुगेका नागरिकलाई सम्मान स्वरूप २५ हजार रुपैयाँ दिने कार्यलाई निरन्तरता दिएका छौं।

नगरभित्र कृषि तथा पशु विकासका माध्यमबाट स्थानीयलाई रोजगारी सिर्जना र आयआर्जन बढाउन नगरप्रमुख कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ। शीतगंगा कृषि र पशुपालनका लागि सम्भावना राम्रो भएको नगर हो। पढेलेखेका युवालाई कृषि उद्यममा जोड्ने हाम्रो लक्ष्य छ।

संघीय सरकारको कानुन र विधि अनुरूप रहेर गाजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ। गाजा खेतीका लागि उपयुक्त वातावरण रहेको हाम्रो ठहर छ। स्थानीय रूपमा उत्पादन हुने मदिरालाई ब्रान्डिङ गरिने छ।

जंगलमा पाइने मौवाको फूलबाट बनाइने रक्सी, स्थानीय रैथाने बाली र फलफूलबाट बनाइने रक्सीको ब्रान्डिङ गरिनेछ। पालिकामा आउने पर्यटकलाई स्थानीय उत्पादन र अर्गानिक उत्पादन खुवाउने रणनीतिअनुसार पालिकाले काम सञ्चालन गर्ने छ। स्थानीय रूपमा पाइने थाकलको पातबाट टोपी, झोला तथा अन्य वस्तु उत्पादन गरिनेछ।

प्रत्येक पालिकामा कृषिजन्य वस्तु उत्पादन र बजारीकरणका लागि नयाँ योजना सञ्चालन गरिनेछ। प्रत्येक वडामा कृषि संकलन केन्द्र निर्माण गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि र पशुपालनमा लाग्न र स्वरोजगार बन्न पालिकाले विशेष सहयोग गर्नेछ। (ग) वर्गका अपांगलाई भत्तास्वरूप मासिक एक हजार रुपैयाँ उपलब्ध गराउँदै आएका छौं।

*(पौडेल, शीतगंगा नगरपालिकाका नगर प्रमुख हुन्।)*

# सांसदद्वारा मन्त्रीलाई प्रश्नै -प्रश्न

**दिनेश गौतम** | *काठमाडौं*

प्रतिनिधिसभा सदस्यहरूले सय दिनको अवधि पूरा गरेको गठबन्धन सरकारका मन्त्रीहरूलाई ग्याखग्याख्ति पार्दै प्रश्न गरेका छन्। आइतबार प्रतिनिधिसभा बैठकको आकस्मिक र शून्य समयमा बोल्दै सांसदहरूले मन्त्रीहरूलाई व्यंग्य गर्दै प्रश्न गरे।

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेसहित रक्षामन्त्री हरिप्रसाद उप्रेती, भौतिक पूर्वाधारमन्त्री रघुबिर महासेठलगायतका मन्त्रीहरूलाई प्रश्न गरे। सभामुख देवराज घिमिरे बैठकको कारबाही सुरु भएको घोषणा गरेलगत्तै प्रमुख प्रतिप्रक्षी नेपाली कांग्रेसका सांसद विश्वप्रकाश शर्माले गृहमन्त्री लामिछानेमाथि खनिए।

गृहमन्त्री लामिछानेले बिहीबार भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै सहकारी ठगी प्रकरणमा फरार रहेका गीतेन्द्रबाबु (जीबी) राई मलेसियामा रहेको र नेपाल ल्याउन मलेसियाका गृहमन्त्री सैफुदिन नासुतिन इस्माइलसँग आफ्नो संवाद भइरहेको जानकारी दिएका थिए। 'प्वाइन्ट टुबी नोटेड सभामुख महोदय,' कांग्रेस महामन्त्रीसमेत रहेका सांसद शर्माले भने, 'संसारलाई थाहा छ, गोरखा मिडिया नेटवर्कका दुई जना मालिकमध्ये एकजना फरार छन्। अर्को गृहमन्त्री हुनुहुन्छ। सहकारी ठगीमा फरार भएको व्यावसायिक साथीलाई सहकारी ठगीमै अनुसन्धानको दायरामा रहेका गृहमन्त्रीजीले गिरफ्तार गर्नु छ। लोकेसन पत्ता लागिसक्यो भनेर माइकबाटै फुक्नुको अर्थ के हुन्छ? अभियुक्त पक्रिने यो नयाँ शैली हो? केटाकेटीपन हो? या भगाउने नियत हो?'

सांसद शर्माले लोकेसन पत्ता लागिसक्यो भनेको चार दिनसम्म पनि किन पक्राउ नगरिएकोप्रति रोष व्यक्त गरे। 'लोकेसन पत्ता लागिसकेको भनेको जीबी राईलाई के भगाउनलाई हो माइकबाट फुकेर लोकेसन पत्ता लाग्यो रे भनेर स्टन्टबाजी गर्ने? कि सरकार चाँडै नै जीबी राईलाई हाजिर गराउँदै छ? देशलाई जीबीको लोकेसन चाहिएको होइन। जीबी राई चाहिएको हो,' उनले भने। सांसद शर्माले सूर्यदर्शन ठगी प्रकरणमा अनुसन्धान गरिरहेका प्रहरी अधिकृत सूर्यबहादुर राना मगरलाई कास्कीबाट महोत्तरी पुर्‍याइएको बताए।



जीबीको लोकेसन पत्ता लागिसक्यो भनेर माइकबाटै फुक्नुको अर्थ के हुन्छ ? अभियुक्त पक्रिने यो नयाँ शैली हो ? या भगाउने नियत ?

**विश्वप्रकाश शर्मा**
सांसद, नेपाली कांग्रेस



योजना नपारिदिने सबै माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु, बारा जिल्ला नेपालमा पर्दैन ?

**उमरावतीदेवी यादव**
सांसद, नेकपा (माओवादी केन्द्र)

सांसद एवं सत्तारुढ नेकपा एमालेका सचेतक महेशकुमार बर्तौलाले असार ७ गते पर्सा वन्यजन्तु आरक्षका कर्मचारीले चलाएको गोली लागेर सुकबहादुर तितुङको हत्या गरिएको प्रतिध्यानाकर्षण गराउँदै पीडित परिवारलाई क्षतिपूर्ति दिन माग गरे। 'छातीमा गोली ठोक्ने जस्तो जघन्य अपराध भएको छ। गणतन्त्रमा नागरिकलाई दिनदहाडै गोली ठोकेर मार्ने जे परिस्थिति विकास भयो। दोषी सुरक्षाकर्मीलाई पहिचान गरी कारबाहीको तहमा अघि बढाउने र पीडितलाई क्षतिपूर्तिका लागि माग गर्छु,' उनले भने, 'आगामी दिनमा यस्ता घटना नहोऊन्।' कांग्रेस सांसद प्रदीप पौडेलले राष्ट्रप्रति चुरे संरक्षणका लागि सप्तरीबाट २० दिन हिँडेर काठमाडौं आइपुगेका अभियन्ताहरू ३२ दिनदेखि माइती घरमा रहेको चर्चा गर्दै सरकारका प्रतिनिधि भेट्न नगएकोमा प्रश्न गरे। 'भुइँमान्छेले यो गम्भीर विषय उठाएको छ, तर सिंहदरबारमा बसेको सरकारले त्यसलाई बेवास्ता गरेको छ,' सांसद पौडेलले भने, 'माइतीघरमा बसेर चुरे संरक्षणका निम्ति लडिरहेकाहरूको आवाज सरकारले सुनोस्।'

नेपाली कांग्रेसकी सांसद कुसुमदेवी थापाले भौतिक पूर्वाधारमन्त्री रघुबिर महासेठलाई नेपालको भू-भागका विषयमा अनभिज्ञता रहेको भन्दै भ्रमणका लागि निम्तो दिइन्। 'भौतिक पूर्वाधार मन्त्रालयको रातो किताब हात पर्‍यो, मनमा एउटा गम्भीर प्रश्न उब्जियो। यो देशको मन्त्रीलाई नेपालको भूगोल, त्यहाँको अवस्थाका बारेमा यतिसम्म अनभिज्ञता पनि हुन सक्छ र? देशको भू-भाग र अवस्थाबारे सामान्य जानकारीसमेत नहुने कस्तो मन्त्री देशले पाएछ?' उनको प्रश्न थियो।

कांग्रेस सांसद उमरावतीदेवी यादवले आफ्नो निर्वाचन क्षेत्रमा योजना नपारिदिएकामा मन्त्रीलाई धन्यवाद दिइन्। प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले भनिन्, 'मेरो बारा क्षेत्र नम्बर २ मा एउटा पनि योजना नपारिदिने सबै माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु, मेरो बारा जिल्ला नेपालमा होइन?'

डा. चन्दा कार्की भण्डारीले मुलुकमा हाल १५ सय ७ जना विशेषज्ञ नर्ससहित करिब १ लाख साढे २३ हजार नर्स रहेको जानकारी दिँदै भनिन्, 'नर्सिङ सेवा स्वास्थ्य सेवाको मेरुदण्ड हो। मुस्कानकासाथ जनसेवा गर्ने नर्सहरूको मुस्कानभित्र दु:ख र पीडा झल्किएको देखिन्छ। दरबन्दी, पारिश्रमिक र सुविधा न्यून छन्। कार्यस्थल असुरक्षित छ। योग्यताअनुसार दरबन्दी र जिम्मेवारी पाएका छैनन्। उच्च शिक्षा र तालिमको अवसर छैन। ४० प्रतिशतभन्दा बढी नर्स बेरोजगार छन्।'



## निमित्त मुख्य सचिवमा गड्तौला

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत वरिष्ठ सचिव लीलादेवी गड्तौलाले निमित्त मुख्य सचिवको जिम्मेवारी पाएकी छन्। मुख्य सचिव डा.बैकुण्ठ अर्यालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि स्वत: निलम्बनमा परेका हुन्। अर्याल निलम्बनमा परेसँगै गड्तौलालाई निमित्त मुख्य सचिवको जिम्मेवारी दिइएको हो। कार्य सम्पादन नियमावलीबमोजिम वरिष्ठ सचिवले निमित्त मुख्यसचिवको जिम्मेवारी निर्वाह गर्ने भन्ने व्यवस्था अनुरूप उनलाई निमित्तको जिम्मेवारी दिइएको हो।

